स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता जितु नेपालको निर्माण रहेको फिल्म "आइ एम जीतबहादुर" आगामी असार ५ गतेबाट प्रदर्शनमा आउने भएको छ। निर्माण युनिटले फिल्मको फस्ट लुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन तिथि घोषणा गरेका हुन्। भारतीय बङ्गाली निर्देशक सुभेन्दु घोषको निर्देशन रहेको फिल्मले गाउँबाट सहर आएर कलाकार बन्न सङ्घर्ष गर्ने एक युवाको कथा बोल्छ। जितु नेपाल मुख्य भूमिकामा छन् भने उनकी जोडीका रूपमा वर्षा राउत देखिएकी छन्।

आजको विचार...



मौनतामा...
(दुई पेजमा)

डा. गणेशप्रसाद घिमिरे

फिल्म "छ माया छपक्कै २"को शुभ मुर्हुत गरिएको छ। सोमबार बिहान भक्तपुरको सूर्यविनायकस्थित गणेश मन्दिरमा कलाकार तथा निर्माण पक्षको उपस्थितिमा फिल्मको मुहूर्त गरिएको हो। फिल्मको छायाँकन भने ३ दिनपछि नुवाकोटबाट सुरु निर्माण युनिटले जनाएको छ। नेपालको फिल्म निर्माणमा सबैभन्दा सफल मानिएको दीपक-दीपा समूहको निर्माण रहेको यो फिल्म दीपेन लामाले निर्देशन गर्न लागेका हुन्।



❒ वर्ष ३१ ❒ अंक २६९ ❒ २०८३ बैशाख १५ गते मंगलबार 28 April 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### पानीको विवादमा चाडमा ४२ को मृत्यु

(रासस/एपी)

**गाजा शहर,** वैशाख १४/पूर्वी चाडमा पानीको स्रोतलाई लिएर सुरु भएको स्थानीय विवाद तीव्र प्रतिशोधात्मक हिंसामा परिणत हुँदा कम्तीमा ४२ जनाको ज्यान गएको छ । सुडान सीमासँग जोडिएको क्षेत्रमा भएको यो घटना स्रोत अभाव र बढ्दो अस्थिरताले कसरी ठूलो मानवीय सङ्कट निम्त्याउन सक्छ भन्ने उदाहरणका रूपमा देखिएको छ । उपप्रधानमन्त्री लिमाने महामतका अनुसार शनिबार वाडी फिरा प्रान्तको इगोटे गाउँमा दुई परिवारबीच पानी प्रयोगको विषयमा सुरु भएको झडप चाँडै व्यापक हिंसामा परिणत भएको थियो । घटनामा १० जना घाइते भएका छन् । उनीहरूलाई प्रान्तीय स्वास्थ्य केन्द्रमा उपचारका लागि लगिएको छ । महामतले झडप एकै ठाउँमा सीमित नरही वरपरका क्षेत्रमा फैलिँदै गएको बताउँदै त्यसलाई नियन्त्रणमा लिन सेना परिचालन गर्नुपरेको जानकारी दिए । उनका अनुसार सुरक्षाकर्मीको 'द्रुत हस्तक्षेप' का कारण स्थिति नियन्त्रणमा ल्याउन सफल भएको र अहिले अवस्था सामान्यतर्फ फर्किएको छ । सरकारले घटनापछि गाउँस्तरमा परम्परागत सहमति-समाधान प्रक्रिया अघि बढाउने र दोषी पहिचान गरी कानूनी कारबाही सुरु गर्ने घोषणा गरेको छ । यसले स्थानीय स्तरमा विवाद समाधान र दीर्घकालीन शान्ति कायम गर्ने प्रयासलाई जोड दिने सङ्केत गरेको छ ।

# तम्घासमा फोहोरबाट आम्दानी

*कुहिने र नकुहिने गरी भान्साको फोहोर दैनिक दुई टन सङ्कलन हुने गर्दछ । एक महिनामा गुल्मीबाट चार ट्रक फोहोर बिक्रीबाट २० हजार आम्दानी भइको छ । फोहोर बिक्री हुन थालेपछि पानीको मुहान सफा हुने भएको छ । फोहोर बिक्रीबाट एकातर्फ आम्दानी भएको छ भने अर्कोतर्फ बजार सरसफाई भएको छ ।*

**हुमाकान्त पोखरेल/रासस**

**तम्घास (गुल्मी),** वैशाख १४/गुल्मी सदरमुकाम तम्घासमा फोहोर बिक्री हुन थालेको छ । नगर विकास तथा वातावरण सरसफाइ समितिले तम्घासमा उठाएकामध्ये नकुहिने फोहोर पाल्पा नेप्लिज वेष्ट बैङ्कलाई बिक्री गर्न थालेको हो ।

सम्झौता अनुसार प्लास्टिकका बोतल प्रतिकेजी रु १०, रेडबुलका बोतल प्रतिकेजी रु ८०, एचडिपी प्लास्टिक प्रतिकेजी रु आठ, पानीका बोतल प्रतिकेजी रु १०, फलाम प्रतिकेजी रु १५, सिसा प्रतिकेजी रु एक तथा टिन प्रतिकेजी रु पाँचमा बिक्री हुन थालेको हो । नगर विकास तथा वातावरण संरक्षण संस्थाले रेसुङ्गा नगरपालिकाका-१, २, ७, ८, ९ र ४ को केही भागका एक हजार ७ सय ६५ घरबाट फोहोर सङ्कलन गर्छ । दुई वटा ट्याक्टर, दुईजना चालक र दुईजना सहचालक राखेको समितिले शनिबार बाहेक साताको छ दिन बजारबाट फोहोर उठाएर फोहोर फाल्ने




ठाउँ ओखेनीमा फाल्ने गर्दछ । कुहिने र नकुहिने गरी भान्साको फोहोर दैनिक दुई टन सङ्कलन हुने समितिले जनाएको छ । उक्त फोहोर छुट्याउन बैंकले तीन जना मजदुर राखेको छ । उनीहरूलाई फोहोरको मात्राअनुसार बैंकले भुक्तानी गर्छ । एक महिनामा गुल्मीबाट चार ट्रक फोहोर बिक्रीबाट समितिले २० हजार आम्दानी गरेको अध्यक्ष रामप्रसाद पन्थीले जानकारी दिए ।

**पानीको मुहान र बस्तीलाई फाइदा**

फोहोर बिक्री हुन थालेपछि पानीको मुहान सफा हुने भएको छ । फोहोर बिक्री नहुँदा ओखेनीमै जलाउने गरिएको थियो । जसले गर्दा ओखेनी, उदिनढुङ्गा जिप पार्क, बेदुखर्कलगायतका गाउँ सधैं दुर्गन्धित हुने गर्दथ्यो । तम्घासदेखि ओखेनी हुँदै बेदुखर्क, भनपानीलगायतका गाउँ जाँदा बाटोसम्मै दुर्गन्ध फैलन्थ्यो । अहिले त्यो दुर्गन्ध हटेको स्थानीय मीना खत्रीले बताइन् । त्यसैगरी फोहोर फाल्ने ठाउँ तलपट्टि खानेपानीको ट्याङ्की छ । उक्त पानी तम्घास बृहत् खानेपानी उपभोक्ताको ट्याङ्कीमा जम्मा भई तम्घास बजारका मानिसले पिउँछन् । फोहोरमैला व्यवस्थित नहुँदा खानेपानी समितिमाथि पनि थुप्रै पश्न उठेका थिए । फोहोर बिक्री हुन थालेपछि खानेपानीको मुहान शुद्ध हुने स्थानीय उपभोक्ता सरस्वती सर्तुङ्गेले बताए । फोहोर व्यवस्थापनका लागि रेसुङ्गा नगरपालिकाले सहयोग गरेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

## चट्याङले घर जल्यो, ६ जनाको परिवार विस्थापित



गुल्मी, वैशाख १३ /गुल्मीको धुर्कोट गाउँपालिकामा चट्याङका कारण एक घर पूर्णरुपमा जलेर नष्ट भएको छ । स्थानीय बसन्ता परियारको घरमा चट्याङ पर्दा घरमा आगलागी भएको हो ।

जिल्ला प्रहरी कार्यालयका अनुसार आगलागीबाट परियारको घर पूर्ण रूपमा जलेर नष्ट भएको छ । मानवीय क्षति नभएको प्रहरीले जनाएको छ । घर जलेपछि परियारको ६ जनाको परिवार विस्थापित बनेको छ । उनीहरु छिमेकीको घरमा आश्रय लिएर बसेका छन् । घटनाको जानकारी पाएपछि प्रहरी चौकी धुर्कोट वस्तुबाट प्रहरी सहायक हवल्दार हर्कबहादुर साउदको नेतृत्वमा प्रहरी टोली घट्नास्थल पुगेको छ । घटनास्थल प्रहरी चौकी धुर्कोटबाट करिब १३ किलोमिटर पश्चिममा पर्दछ । *-रासस*

## काममा सुरक्षा र स्वास्थ्यका लागि विश्व दिवस मनाइँदै

**पाल्पा,** वैशाख १४/आज 'काममा सुरक्षा र स्वास्थ्यका लागि विश्व दिवस' मनाइँदै छ । हरेक वर्ष अप्रिल २८ मा यो दिवस मनाउने गरिन्छ । विश्वव्यापी रुपमा व्यवसायिक दुर्घटना र रोगहरुको रोकथामलाई प्रवर्द्धन गर्न यो दिवस मनाउने गरिएको हो ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) ले २००३ मा व्यावसायिक स्वास्थ्य र सुरक्षाको राजनीतिक प्रोफाइल बढाउन र व्यावसायिक सुरक्षा र स्वास्थ्यमा उनीहरूको विश्वव्यापी रणनीतिको अभिन्न 'वकालत' घटक पूरा गर्न यो दिवस मनाउन थालेको थियो । व्यावसायिक स्वास्थ्यले कार्यस्थल सम्बन्धी खतराहरूलाई रोक्ने क्रममा कामदारहरूको शारीरिक, मानसिक र सामाजिक कल्याणलाई समेट्छ ।




नेपालमा दिवसका दिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को संयुक्त आयोजनामा विभिन्न तालिम र जनचेतामूलक कार्यक्रम गर्ने गरिन्छ । सुरक्षित र स्वस्थ्य कार्यक्षेत्रको वातावरण बनाउन दिवसले महत्वपूर्ण भूमिका खेल्दछ । नेपाल सरकारले २०५२ सालमा 'व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी आयोजना'को स्थापना गरेको थियो ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## जनसंख्या वृद्धि र व्यवस्थित बसाई

नेपालमा पछिल्ला वर्षहरूमा जनसंख्या वृद्धि र बसाइँसराइको स्वरूप दुवै परिवर्तन हुँदै गएका छन् । कुल जनसंख्या वृद्धिदर अपेक्षाकृत घट्दो भए पनि सहरकेन्द्रित जनघनत्व तीव्र गतिमा बढिरहेको छ । विशेषतः काठमाडौं उपत्यका जस्ता क्षेत्रमा अव्यवस्थित विस्तारले आधारभूत सेवामाथि चाप सिर्जना गरेको छ । अहिले सरकारले सुकुम्वासीको नाममा अतिक्रमण गरिएका स्थानहरुमा व्यवस्थित गर्ने काम सुरु भएका छन् । अव्यवस्थित बसोवासलाई व्यवस्थित गर्ने र जनसंख्या व्यवस्थापन गर्ने काम केवल संख्या नियन्त्रणको विषय नभई गुणस्तरीय जीवन सुनिश्चित गर्ने समग्र नीतिगत चुनौती पनि हो ।

सहरमा बढ्दो भीडभाडले आवास, खानेपानी, फोहोर व्यवस्थापन, स्वास्थ्य र यातायात क्षेत्रमा गम्भीर समस्या निम्त्याएको छ । अनियोजित बसोबासका कारण वातावरणीय जोखिम बढ्नुका साथै विपद् व्यवस्थापन झनै जटिल बन्दै गएको छ । अर्कोतर्फ, ग्रामीण क्षेत्रहरूबाट युवाशक्ति पलायन हुँदा उत्पादनशीलता घट्नु र कृषि क्षेत्र कमजोर हुनु पनि दीर्घकालीन चिन्ताको विषय बनेको छ । यसले क्षेत्रीय असन्तुलनलाई थप गहिरो बनाइरहेको छ । यस्ता चुनौतीहरूको समाधानका लागि राज्यले दीर्घकालीन दृष्टिकोणसहित स्पष्ट नीति अवलम्बन गर्न आवश्यक छ । पहिलो, सन्तुलित क्षेत्रीय विकासलाई प्राथमिकता दिई साना सहर र ग्रामीण क्षेत्रमै रोजगारी, शिक्षा र स्वास्थ्यका अवसर विस्तार गरिनुपर्छ । दोस्रो, शहरी योजना कडाइका साथ कार्यान्वयन गर्दै पूर्वाधार विकासलाई जनसंख्या वृद्धिसँग समन्वय गर्नुपर्छ । तेस्रो, जनसंख्या शिक्षालाई विद्यालय तहदेखि नै प्रभावकारी रूपमा समावेश गरी सचेत नागरिक उत्पादनमा जोड दिनुपर्छ । त्यसैगरी, स्थानीय तहहरूलाई स्रोत र अधिकार सुदृढ बनाउँदै जनसंख्या व्यवस्थापनमा प्रत्यक्ष भूमिका दिनु आवश्यक छ । डिजिटल तथ्यांक प्रणालीमार्फत जनसंख्याको यथार्थ विवरण संकलन र विश्लेषण गरी नीति निर्माणमा प्रयोग गर्न सकेमा प्रभावकारी नतिजा हासिल गर्न सकिन्छ । साथै, वैदेशिक रोजगारी व्यवस्थापन र पुन:स्थापनाका कार्यक्रमहरूलाई व्यवस्थित गर्दै आन्तरिक रोजगारी सिर्जनामा ध्यान दिनुपर्छ । अन्ततः, जनसंख्या वृद्धि र अव्यस्थित बसोवास आफैंमा समस्या होइन ! व्यवस्थापनको अभाव नै मुख्य चुनौती हो । यदि राज्यले समन्वित, वैज्ञानिक र दीर्घदृष्टियुक्त नीति अपनाउन सकेमा जनसंख्या देशको समृद्धिको आधार बन्न सक्छ । त्यसका लागि स्पष्ट प्राथमिकता, प्रभावकारी कार्यान्वयन र नागरिक सहभागिता अपरिहार्य छन् ।

### Opinion @ Social Network

खुल्ला किताब न हो जिन्दगी
पढ्ने धेरै भेटिन्छन्, बुझ्ने कमै ।
(सुरज थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Suraj.Thapa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मौनतामा काम गर्ने प्रधानमन्त्री



**डा. गणेशप्रसाद घिमिरे**

*वर्तमान सरकारले के कति विकासका पुलिन्दा बाहिर ल्याउने हो त्यो आउँदो बजेटबाट प्रमाणित हुनेछ । आगामी वर्षको आयव्यय नआउँदाको अवस्थासम्म यस सरकारको मार्गचित्र स्पष्ट हुन नसक्ने अवस्था भने पक्कै हो । साधारण बढी र विकास खर्च अघि नबढ्ने नेपालको चलनचल्तीमा कति परिवर्तन हुन्छ त्यो भने हेर्न बाँकी छ । आफू महानगर प्रमुख हुँदा काठमाडौंका विभिन्न स्थानमा सुकुम्बासी बनेर बसेका र आफ्नो पकड जमाएकालाई हटाउन प्रयास नगरेका होइनन् तर तत्कालीन संघीय सरकारबाट सहयोग नपाएको गुनासो उनको रहेको थियो । प्रधानमन्त्री भएपछि उनले नदी किनारका सुकुम्बासीका टहरा र घर भत्काएका छन् । सामान्य विरोध भए पनि उनको ठूलो विरोध हुनसकेको देखिएन ।*

नेपालको राजनीतिक इतिहासमा सबैभन्दा महत्वपूर्ण पक्ष सधैं विकास बन्ने तर विकासका आधारहरू भत्किँदै जाने भएकाले यो आधार जहिले सुरक्षित हुने अवस्था देखिएन । विकासलाई आधार मानेर गरिने जे जति अवस्था हुन् तिनलाई गतिशील बनाउन आग्रह गर्ने अवस्थामा राजनीतिले जहिले पनि आफूलाई सबल बनाउने गरेको देखिन्छ । २००७ सालको क्रान्तिसँगै आएको प्रजातान्त्रिक व्यवस्थामा आज गणतन्त्रसम्म आइपुग्दा विकासका कुरा भए । विकास निर्माणका कार्य पनि भए, नभएका होइनन् । विगतमा केही भएन भन्ने भाष्य निर्माण गरेर आजको राजनीतिले जुन किसिमको बाटो निर्माण गरेको छ त्यसले नेपाली समाज र राजनीति गतिशील भएको पाइन्छ । यो गणतान्त्रिक व्यवस्थाको आधार नेपालको राजनीतिमा सक्रिय भएका दल हुन् । ती राजनीतिक दलको सक्रियता र नेपाली जनताको सहयोगका कारण आजसम्म जे जति परिवर्तन भए ती परिवर्तनले नेपाललाई गणतन्त्रको पहिचानमा सुरक्षित रहेको देखियो तर २०७२ साल भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहले नेपाली राजनीतिको दिशा नै परिवर्तन गरिदियो । हामीले देशका लागि गर्‍यौं भन्ने दलहरूको अवस्था भने निरीह नै रहेको देखियो । यस अवस्थाको पहिचान र राजनीतिले देखाएको बाटोलाई आजसम्मको राजनीतिले गतिलो मार्ग देखाउन सकेन भन्ने आधार नै यस अवस्थाको चित्र हो ।

### बालेनको मौनता

जेन-जी विद्रोहपछि भएको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी बहुमत लिएर आयो । निर्वाचनमा सबै नेपाली मतदाताले परिवर्तनको अपेक्षा गरे । परिवर्तनको अपेक्षा राख्ने नेपाली जनताले उक्त पार्टीलाई बहुमत दिए । नेपालको राजनीतिमा काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर बालेन्द्र साह (बालेन) प्रधानमन्त्री बने । उनी प्रधानमन्त्री हुँदासाथ विभिन्न प्रकारका शंका उपशंका रहे पनि उनले आफूले गर्ने कर्मलाई गतिशील बनाएर अघि बढाएको देखियो । उनले प्रत्येक प्रदेशका सांसदलाई भेटे तर उनी बोलेनन् । उनले अरूले बोलेको सुने । सुनेर निर्णय गर्ने अवस्थालाई उनले आफ्नो पहिचानको अधार बनए । उनी कम बोले । उनले सांसदका समस्या र क्षेत्रको विकासका लागि सचिवालयमा टिपाउन आग्रह गरे । सक्ने काम हुन्छ नसक्ने काम हुँदैनन् भन्दै स्पष्ट खाका दिए । आश्वासनको पुलिन्दा बाँडेनन् । देशको आर्थिक अवस्था र देशले थेग्नसक्ने अवस्थाको विकास हामी गर्छौं भन्ने आधार उनले पेश गरे । उनले गरेका जे जति संवाद जहिले पनि सिंहदरबारबाट नै गरे । उनले प्रधानमन्त्री आवासलाई कहिले पनि कामको आधार र भेटघाटको केन्द्र बनाएनन् । यो नै प्रधानमन्त्रीको काममा देखिएको आधार हो । उनी कम बोल्छन् । कामलाई प्राथमिकता दिन्छन् । उनले गरेका कामको मूल आधार र विकासको पहिचान तत्काल देखिने अवस्था पनि होइन । केही समय उनलाई विकासका लागि समय दिनु आवश्यक नै छ । समयमात्र परिवर्तन भएन । देशको राजनीति पनि परिवर्तन भयो । हिजोको राजनीतिमा रोटी सेकेका मानिस आजको यस अवस्थामा कमजोर पक्कै पनि भए । वर्तमान सरकारले के कति विकासका पुलिन्दा बाहिर ल्याउने हो त्यो आउँदो बजेटबाट प्रमाणित हुनेछ । आगामी वर्षको आयव्यय नआउँदाको अवस्थासम्म यस सरकारको मार्गचित्र स्पष्ट हुन नसक्ने अवस्था भने पक्कै हो । साधारण बढी र विकास खर्च अघि नबढ्ने नेपालको चलनचल्तीमा कति परिवर्तन हुन्छ त्यो भने हेर्न बाँकी छ । आफू महानगर प्रमुख हुँदा काठमाडौंका विभिन्न स्थानमा सुकुम्बासी बनेर बसेका र आफ्नो पकड जमाएकालाई हटाउन प्रयास नगरेका होइनन् तर तत्कालीन संघीय सरकारबाट सहयोग नपाएको गुनासो उनको रहेको थियो । प्रधानमन्त्री भएपछि उनले नदी किनारका सुकुम्बासीका टहरा र घर भत्काएका छन् । सामान्य विरोध भए पनि उनको ठूलो विरोध हुनसकेको देखिएन । उनले मौन बसेर नै आफ्ना कामलाई गति दिन थालेको देखियो । यो उनमा देखापरेको मूल पहिचान नै हो । हाम्रो अध्यात्म परम्परामा मौनतालाई ठूलो शक्ति मानिएको छ । धेरै बोलेरभन्दा मौन बसेर काम गर्न सकिन्छ भन्ने हाम्रो शास्त्र पहिचान हो । यो पहिचान उनले कायम राखेको देखियो । प्रधानमन्त्री भएपछि उनी कुनै कार्यक्रममा प्रमुख अतिथि भएको पनि देखिएन । न त कुनै मन्त्री रिवन काट्न र उद्घाटन गर्न नै गएको देखियो । देशको राजनीति नातावाद, कृपावाद, आफन्तवाद र भ्रष्टाचारले बिगारेको हो भन्ने तथ्यलाई उनले बुझेको पनि देखियो । सामान्य काण्डमा पनि मन्त्रीलाई राजीनामा दिन बाध्य बनाउने सरकारले जनतालाई सुशासनको प्रत्याभूति दिनेछ भन्ने तथ्यलाई हामी सबैले स्वीकार गर्नुपर्ने अवस्था भने आजको राजनीतिले देखाएको आधार हो । यस आधारलाई वर्तमान प्रधानमन्त्रीले बुझेका छन् भन्ने सन्दर्भलाई सहर्ष स्वीकार गर्न सकिन्छ । मौनता हतियार हो । मौनता कुरा काट्नेलाई बज्र हो । मौनता केही गर्न सक्छु भन्ने पहिचान हो । यो मौनताले देशलाई गतिशील बनाउनेछ भन्नेमा आजको नेपाली भने विश्वासमा रहेको देखियो ।

### तानाशाह नबनून्

राणा, पञ्चायत, तत्कालीन राजा ज्ञानेन्द्रका साथै देशमा भएको विद्रोहलाई चिरेर आएको शासकीय पद्धति हो गणतन्त्र । तानाशाही शासकका विरुद्ध राजनीतिक दलले आग्रह गरेको आन्दोलनलाई नेपाली जनताले साथ दिए राजनीतिक दललाई र नेपाल गणतान्त्रिक मुलुकमा प्रवेश गरेको हो । गणतन्त्र आएको पनि बीस वर्ष भयो । यो बीस वर्षमा सुधारका कार्य र विकास निर्माण प्रशस्त भए । विकासका साथै केही नराम्रा प्रवृत्तिले नेपालको राजनीतिलाई सदा केन्द्रमा नै राखेको देखियो । नेपालको राजनीतिमा देखिएका विभिन्न गलत कर्मलाई नेपालका युवाले स्वीकार गर्न सकेनन् । हामी नेपालको विकासलाई प्राथमिकतामा राख्ने र देशको विकासलाई प्राथमिकता दिने जमात हौं भन्ने नेपाली तरुणहरूले सोही अनुसार नेपालको राजनीतिमा सत्ता परिवर्तन दुई दिनमा नै सम्भव गराए । अन्तरिम सरकारले गराएको निर्वाचनमा वर्तमान प्रधानमन्त्री सामेल भएको पार्टीले लगभग दुईतिहाइ पायो । जसले गर्दा आज एउटा युवा प्रधानमन्त्री बनेको देखियो । राजनीतिक दल कमजोर भए । उनीहरू निर्वाचनमा सानो घेरामा खुम्चिए । शासनमा केही वर्ष पहिले खोलेको पार्टी ठूला राजनीतिक दलको भारी बन्यो । देशको परिवर्तनलाई मुख्य आधार बनाएका, आजसम्म जसरी पनि शासनमा रहेका, नेपालको तानशाही प्रवृत्तिको अन्त्य गरेका दलहरू कमजोर बने । नेपालको राजनीतिमा आएको यो नौलो परिवर्तन थियो । यो परिवर्तन जनताले आफ्नो मताधिकारबाट प्रयोग गरेको देखियो । यो प्रयोग नेपालको राजनीतिमा मात्र होइन विश्वको राजनीतिका लागि उदाहरण सावित भयोभन्दा अन्यथा नहोला । नेपाली तानाशाही प्रवृत्ति स्वीकार गर्न सक्दैनन् । विकासलाई प्राथमिकतामा राखेको वर्तमान सरकार विकासवादी अवधारणा लिएर अघि बढोस् । यो सत्य हो तर विकासका नाममा वा राजनीतिका नाममा नेपालीलाई बन्धक बनाउने काम यो सरकारले गर्ने छैन भन्ने तथ्यलाई आजको नेपालीले बुझेको पनि छ । शासनमा सुधार आवश्यक थियो । सुधारका लागि नेपाली सदा वर्तमान सरकारका पक्षमा देखिएको तथ्यलाई यस पार्टीले पाएको मतलाई मान्न सकिन्छ । सुधारका नाममा नेपाललाई तानाशाही शासन व्यवस्था लाद्ने अधिकार कसैलाई छैन । यो सार्वजनीन सत्य हो । यस सत्यलाई स्वीकार गर्नु आवश्यक छ । नेपालको राजनीतिमा जमेको फोहोरलाई सफा गर्न समय लाग्ला । प्रत्येक सन्दर्भमा छाडा भएको नेपालको राजनीतिमा सुधार गर्न समय लाग्नेछ । समयको क्रमसँगै नेपालको राजनीतिले परिवर्तन र विकासलाई आधार बनाउनेछ । यो विकास र शासकीय पद्धतिमा नयाँ आयाम थपिनेमा नेपाली जनताले विश्वास गरेका पनि छन् तर तानाशाही शासकीय पद्धति लाद्ने अधिकार भने नेपालका कुनै शासकलाई छैन । तानाशाहको समय थोरै हुन्छ । उसले शासनमा आफूलाई सर्वोपरी मानेर गतिशील बनेको हुन्छ । शासनमा आफूलाई सर्वोपरी मानेको हुन्छ । जनताको विद्रोहको अघि कसैको केही चल्दैन भन्ने तथ्यलाई हिजोका दिनले देखाएको छ । पुराना शासनका विरुद्ध विद्रोहको बिउ रोप्न वर्तमान प्रधानमन्त्री शासनको सुधारमा गतिशील बनून् तर विकास र परिवर्तनका नाममा तानाशाह नबनून् । यही आकांक्षा आजका नेपालीको मूल आधार पनि हो । शासकीय सुधार र शासनमा आमूल परिवर्तन खोजे पनि नेपालीले तानाशाह भने खोजेका होइनन् । यो तथ्यलाई आजको विश्व राजनीतिले बुझाएको छ । प्रविधिलाई मूल मान्यता मान्ने आजको युवा विकास चाहन्छ । प्रगतिलाई आधार मान्छ । परिवर्तनलाई आफ्नो जीवनको आधार स्वीकार गर्छ तर तानाशाही शासनको अपेक्षा गर्दैन । केही समय हेरौं र यस सरकारले गरेका सकारात्मक पक्षलाई स्वीकार गरौं । मौनता देशको उन्नत भविष्यका लागि होस् तानाशाही प्रवृत्तिका लागि नहोस् । यही शुभकामना ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : स्वास्थ्यमा ध्यान दिनुहोस्।पारिवारिक मामलाहरूलाई अन्देखा नगर्नुहोस्। | **तुला** : अरुको लागि बुद्धि र श्रम खर्च गर्नुपर्ला। रोजगार बाट लाभ मिल्नेछ। |
| **वृष** : प्रतिष्ठित कार्य सम्पादन गर्ने अवसर मिल्नेछ। कृषिबाट लाभार्जन गर्न सकिएला। | **वृश्चिक** : नयाँ अवसरहरू मिल्नेछ। विद्यार्थीहरूको पठनपाठनमा मन लाग्ला। |
| **मिथुन** : सामूहिक कार्यमा खर्चका यरोग छन् । व्यक्तित्व निखार्ने अवसर प्राप्त हुन्छ। | **धनु** : कार्यक्षेत्रमा रुकावट आउनेछ। सवारी साधन चलाउँदा सावधान रहनुहोला। |
| **कर्कट** : पहिलाका कमी कमजोरी सुधार गर्दा जीवनशैलीमा नयाँ परिवर्तन आउनेछ। | **मकर** : मेहनत अनुसार आर्थिक लाभ मिल्नेछ। स्वास्थ्यलाई लिएर सजग रहनुहोस्। |
| **सिंह** : नयाँ जिम्मेवारी सम्हाल्ने अवसर मिल्नेछ। सिर्जनात्मक काममा रुचि बढ्नेछ। | **कुम्भ** : आत्मविश्वासमा वृद्धि हुनेछ। नयाँ कामको सुरुवात गर्ने समय रहेको छ। |
| **कन्या** : मन प्रसन्न रहनेछ। ईर्ष्या व अहंकार मा आएर लाभकारी योजना गुमाउनु पर्ला। | **मीन** : आँटिका कार्य सम्पादन हुनेछन्। नँया नोकरीमा सफलता मिल्नेछ। |

## विज्ञान/सूचना प्रविधि

# अनुसन्धानको खुलासा : २ घण्टा मोबाइल बन्द गर्दा मस्तिष्कमा आउँछ यस्तो परिवर्तन



मोबाइल फोन, कम्प्युटर तथा टिभीजस्ता डिजिटल डिभाइसमा भुण्डिरहने आम जीवनशैलीले मानिसमा तनाव र मानसिक अशान्ति जस्ता समस्या बढाउँदै गएको छ । आजको व्यस्त र दौडधुपपूर्ण जीवनमा हाम्रो दिमाग यस्तै डिभाइस तथा आसपासको होहल्लाले भरिएको हुन्छ । यस्तो अवस्थाबाट छुटकारा पाउन चाहनुहुन्छ ? वैज्ञानिकहरूले एउटा अत्यन्त सरल तथा निशुल्क उपाय सुझाएका छन् । अमेरिकाको ड्युक युनिभर्सिटीका शोधकर्ताले गरेको अध्ययन अनुसार हामीले दुई घण्टा मात्रै पनि डिभाइस बन्द गरेर शान्तिपूर्वक बस्न सकेमा त्यसले हाम्रो दिमागलाई बलियो र स्वस्थ बनाउँछ । शोधकर्ताका अनुसार यसरी २ घण्टाभन्दा लामो समय डिजिटल डिभाइस नचलाउँदा प्राप्त हुने शान्तिको अनुभूतिले हाम्रो मस्तिष्कको हिप्पोक्याम्पस भन्ने भागमा नयाँ मस्तिष्क कोषिकाको निर्माण हुन मद्दत गर्दछ । यस प्रक्रियालाई न्यूरोजेनेसिस भनिन्छ । यसले स्मरणशक्तिमा सुधार गर्नुका साथै मनमा आउने भावनाहरूलाई पनि सन्तुलित राख्छ । शान्ति वास्तवमा दिमागको प्राकृतिक रिसेट बटन जस्तै हो । यसले मस्तिष्क कोषिकामा भएको क्षति मर्मत गर्न सहयोग पुर्‍याउँछ । न्यूरोसाइन्सका विज्ञहरूका अनुसार पूर्ण शान्तिले दिमागका कोषिकाहरूलाई पुनर्जीवित गर्छ । यस्तो शान्त तथा डिजिटल डिभाइसमुक्त वातावरणले दिमागलाई बलियो बनाउँछ । जसका कारण स्मरणशक्ति बढ्छ र दैनिक भावनाहरू सन्तुलित रहन्छन् । लगातार डिजिटल सूचना र आवाजका कारण हाम्रो स्नायु प्रणाली थाक्छ । किनकि यसो गर्दा दिमागले निरन्तर संवेदनात्मक सूचना प्रशोधन गरिरहनुपर्छ । तर जब हामी शान्ति प्राप्त गर्छौं तब दिमागले आराम पाउँछ । शान्त अवस्थामा शरीरको ऊर्जा दिमागको हिप्पोक्याम्पस भागतर्फ केन्द्रित हुन्छ, जहाँ नयाँ ब्रेन सेल्स बन्छन् । डिजिटल डिटक्स अर्थात् डिजिटल डिभाइस मुक्त र होहल्लामुक्त वातावरणले ती नयाँ कोषिकाहरूलाई पोषण दिन्छ । फलस्वरुप कोषिकाहरू जीवित रहन्छन् र पुराना स्नायु सञ्जालसँग जोडिन्छन् ।

**अध्ययनको निष्कर्षले के भन्छ ?**

ड्यूक विश्वविद्यालयका अनुसन्धानकर्ताहरूले गरेको अध्ययनले देखाएको छ- दैनिक करिब दुई घण्टा पूर्ण शान्त वातावरणमा बस्दा दिमागमा गहन परिवर्तन आउँछ । यस्तो बेला मस्तिष्कले आफ्नो ऊर्जा हिप्पोक्याम्पस भागमा केन्द्रित गर्छ र नयाँ मस्तिष्क कोशिकाहरू तीव्र रूपमा बन्न थाल्छन् । अत्यधिक आवाजका कारण यी नयाँ कोशिकाहरू नष्ट हुन सक्छन् । तर शान्त वातावरणमा चाहिँ तिनीहरू सुरक्षित रहन्छन् र दिमागको स्थायी हिस्सा बन्छन् । यही प्रक्रियालाई न्यूरोजेनेसिस भनिन्छ । यसले दीर्घकालीन स्मरणशक्ति मजबुत बनाउँछ र भावनात्मक सन्तुलन कायम राख्छ । जब हामी निरन्तर पृष्ठभूमि संगीत वा आवाज सुन्छौं त्यसबेला दिमागले केवल अस्थायी उत्तेजना मात्र पाउँछ र कुनै दीर्घकालीन फाइदा हुँदैन । तर शान्तिले नयाँ कोषिकाहरूलाई जोगाएर स्थायी रूपमा दिमागसँग जोड्छ । यसले कोषिकामा हुने क्षति मर्मत गर्छ र सोच्ने र बुझ्ने शक्तिमा सुधार ल्याउँछ । त्यसैले दिमाग मर्मत गर्ने गरी शान्ति प्राप्त गर्नका लागि दैनिक कम्तीमा दुई घण्टा मोबाइल, टिभी र कम्प्युटर सबै बन्द गर्नुहोस् र केही पनि नचलाउनुहोस् । अनि शान्त तथा आवाजविहीन कोठामा एक्लै बस्नुहोस् । सुरुवातमा यो गाह्रो लाग्न सक्छ तर विस्तारै तपाईंको मस्तिष्क शान्त वातावरणमा अभ्यस्त हुनेछ । यसले तपाईंको मस्तिष्कको पुन:निर्माण गर्छ, स्मरणशक्ति बढाउँछ र दैनिक तनाव पनि कम गर्नेछ । वैज्ञानिकहरूका अनुसार हाम्रो लागि शान्ति केवल आराम मात्र होइन यो दिमागको जैविक मर्मत प्रक्रिया हो ।

*-अनलाइन खबर डटकम*

# रोबोटले तोड्यो मानव कीर्तिमान




चीनको तीव्र गतिमा अघि बढिरहेको प्रविधि विकासलाई झल्काउने घटनामा बेइजिङमा आयोजित हाफ-म्याराथनमा एक मानवाकृति रोबोटले मानव विश्व कीर्तिमान नै उछिन्दै ऐतिहासिक सफलता हासिल गरेको छ । यस उपलब्धिले खेलकुद र कृत्रिम बौद्धिकताको सङ्गममा नयाँ युग सुरु भएको सङ्केत दिएको छ । बेइजिङ इकोनोमिक-टेक्नोलोजिकल डेभलपमेन्ट एरिया (बेइजिङ ई-टाउन) बाट सुरु भएको २१ किलोमिटरको दौड चिनियाँ स्मार्टफोन निर्माता अनरद्वारा विकसित रोबोटले ५० मिनेट २६ सेकेन्डमा पूरा गर्दै पहिलो स्थान हासिल गर्न सफल भयो । यो समय मानव हाफ-म्याराथन विश्व कीर्तिमानधारी युगान्डाका धावक ज्याकोब किप्लिमोले मार्चमा बनाएको करिब ५७ मिनेटको समयभन्दा उल्लेखनीय रूपमा छिटो हो । गत वर्ष पहिलो पटक आयोजना गरिएको यस प्रतियोगितामा विजेता रोबोटले २ घण्टा ४० मिनेट ४२ सेकेन्डमा दूरी पार गरेको थियो । त्यसको तुलनामा यस वर्षको प्रदर्शनले रोबोट प्रविधिमा भएको तीव्र प्रगति प्रस्ट पारेको छ । प्रतियोगिताको आकार पनि यसपटक उल्लेखनीय रूपमा बढ्दै १०० भन्दा बढी टोलीहरूको सहभागिता रहेको थियो, जसमा पाँच विदेशी टोली समेत समावेश थिए । दौड पूर्ण रूपमा सहज भने रहेन । केही रोबोटहरू प्रारम्भमै लड्न पुगे भने केही अवरोधमा ठोक्किएका थिए । यद्यपि, आयोजकका अनुसार करिब ४० प्रतिशत रोबोटहरूले कुनै मानवीय हस्तक्षेप बिना स्वायत्त रूपमा पूरा मार्ग तय गर्न सफल भए, बाँकी भने रिमोट कन्ट्रोलमार्फत सञ्चालन गरिएका थिए । प्रतियोगितामा एउटा रोबोटले ट्राफिक प्रहरीको भूमिका निर्वाह गर्दै सहभागीहरूलाई हातको सङ्केत र आवाजमार्फत निर्देशन दिएको दृश्यले दर्शकहरूको ध्यान खिचेको थियो, जसले रोबोटको बहुआयामिक प्रयोगको सम्भावना झल्काएको छ । चीनमा प्रविधिको विकास केवल औद्योगिक प्रगतिको विषय मात्र नभई रणनीतिक प्रतिस्पर्धासँग पनि जोडिएको छ । विशेषगरी संयुक्त राज्य अमेरिकासँगको प्रतिस्पर्धालाई मध्यनजर गर्दै बेइजिङले आफ्नो पछिल्लो पञ्चवर्षीय योजनामा 'विज्ञान र प्रविधिको सीमालाई लक्षित गर्ने' प्रतिबद्धता व्यक्त गरेको छ । सन् २०२६ देखि २०३० सम्मको योजनाअन्तर्गत मानवाकृति रोबोटजस्ता उन्नत प्रविधिको विकासलाई प्राथमिकतामा राखिएको छ । लन्डनस्थित प्रविधि अनुसन्धान संस्था ओमडियाको हालैको प्रतिवेदनअनुसार एजिबोट, युनिट्री रोबोटिक्स र युबीटेक रोबोटिक्स कर्पजस्ता चिनियाँ कम्पनीहरू विश्व बजारमा सामान्य प्रयोजनका मूर्त बौद्धिक रोबोट उत्पादन र आपूर्तिमा अग्रपङ्क्तिमा उभिएका छन् । ती कम्पनीहरूले गत वर्ष मात्र हजारौं युनिट रोबोट विश्वभर पठाएका थिए, जसले चीनको यस क्षेत्रमा बढ्दो प्रभावलाई पुष्टि गर्दछ । यस घटनाले केवल एउटा दौड जित्ने उपलब्धि मात्र नभई, मानव क्षमतासँग प्रतिस्पर्धा गर्न सक्षम कृत्रिम प्रविधिको तीव्र विकासको सङ्केत दिएको छ, जसले आगामी दिनमा खेलकुददेखि उद्योगसम्म व्यापक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

*-इहिमालय टाइम्स डटकम*

# आगामी आर्थिक वर्षका लागि आइटी क्षेत्रका पूर्व-बजेट सिफारिस

NAS-IT
Nepal Association for Software & IT Services Companies

सिफारिसहरूमा मुख्यतया कर प्रणालीमा सुधार, सरकारी सृटवेयर खरिदमा स्वदेशी कम्पनीलाई प्राथमिकता, र आइटी क्षेत्रको प्रवर्धनका लागि संस्थागत सुदृढीकरण जस्ता विषयहरू समेटिएका छन् । कर सम्बन्धी प्रावधानहरूमा सुधारको माग आइटी उद्योगको विकास तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्न सरकारले सहुलियतपूर्ण आयकर व्यवस्था लागू गर्नुपर्नेमा जोड दिइएको छ । यसअन्तर्गत, दर्ता भएका आइटी कम्पनीहरूका लागि १० वर्षको निश्चित अवधिसम्म खुद नाफामा १% मात्र आयकर दर लागू गरिनु उपयुक्त हुने सिफारिस गरिएको छ । यस्तो व्यवस्थाले नवप्रवर्तन, जनशक्ति विकास तथा पूर्वाधारमा पुन: लगानी गर्न सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ । निर्यातमुखी आइटी कम्पनीहरूलाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता बढाउन र विदेशी मुद्रा आम्दानी वृद्धि गर्न ८% निर्यात क्रेडिट प्रदान गर्न सिफारिस गरिएको छ । यसले लागतसम्बन्धी प्रतिस्पर्धात्मक कमजोरीलाई न्यूनीकरण गर्दै बङ्गलादेश र भियतनामजस्ता देशहरूसँग प्रतिस्पर्धा गर्न नेपाली कम्पनीहरूलाई सक्षम बनाउने विश्वास लिइएको छ । भ्याट सम्बन्धी प्रावधानहरू स्पष्ट र सुसङ्गत हुनुपर्ने तथा भ्याट फिर्ता प्रक्रिया सरल र छरितो बनाउनुपर्ने माग पनि गरिएको छ, जसले व्यवसाय सञ्चालनमा सहजता ल्याउनेछ । साथै, आइटी पेशेवरहरूका लागि व्यक्तिगत आयकरको अधिकतम दर २५% भन्दा बढी नहुने गरी व्यवस्था गर्नुपर्ने सुझाइएको छ, जसले प्रतिभा आकर्षण र प्रतिधारणमा सहयोग पुर्‍याउनेछ । स्वेट इक्विटी शेयरमा कर लगाउने व्यवस्था प्रदान गर्दा, अनुदान वा भेस्टिङको समयमा नभई बिक्री (डिस्पोजल) को समयमा कर लगाउनु उपयुक्त हुने उल्लेख छ । यसले स्टार्टअपहरूको वृद्धि समर्थन हुने र इक्विटी-आधारित पारिश्रमिकलाई व्यवहारिक बनाउनेछ । दोहोरो कर जोखिमलाई डीटीएए (दोहोरो कर परिहार सम्झौता) विस्तारमार्फत सम्बोधन गर्न पनि सिफारिस गरिएको छ । साथै, कम्पनीको शेयर प्रिमियम खाताबाट बोनस शेयर जारी गर्दा आयकर लगाइने हालको व्यवस्थाले लगानी तथा व्यावसायिक वृद्धिमा अनपेक्षित अवरोध सिर्जना गरेको भन्दै यस्तो व्यवस्था परिमार्जन गर्न आग्रह गरिएको छ । सरकारी सफ्टवेयर खरिदमा स्वदेशी कम्पनीलाई प्राथमिकता सरकारी निकायहरूले सफ्टवेयर खरिद तथा सूचना प्रणाली विकाससम्बन्धी कार्यहरूमा स्वदेशी आइटी कम्पनीहरूलाई प्राथमिकता दिने नीति अवलम्बन गर्न सिफारिस गरिएको छ। यसअन्तर्गत रु. १० करोड भन्दा कमका आइटी ठेक्काहरू नेपाली कम्पनीहरूका लागि मात्र आरक्षित गर्नुपर्ने र सोभन्दा ठूला ठेक्काहरूमा कम्तीमा ३०% मूल्य नेपाली कम्पनीहरूमा कायम रहने व्यवस्था गर्नुपर्ने माग गरिएको छ । यसले स्थानीय क्षमताको विकास र रोजगारी सिर्जनामा महत्त्वपूर्ण योगदान पुर्‍याउनेछ । नेपाललाई प्राथमिक आइटी गन्तव्यका रूपमा स्थापित गर्ने नेपाललाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी आइटी सेवा गन्तव्यका रूपमा स्थापित गर्न सरकारले निजी क्षेत्रसँग सहकार्य गर्दै लक्षित कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेमा जोड दिइएको छ। नेपाली दूतावास तथा कूटनीतिक नियोगहरूलाई रणनीतिक रूपमा उपयोग गरी नेपाली आइटी उत्पादनको प्रवर्द्धन गर्न र नेपाली डायस्पोरालाई पनि संलग्न गर्न सुझाइएको छ । शिक्षा क्षेत्रमा पनि सुधारको माग गर्दै, प्रारम्भिक तहका विद्यालय शिक्षामै आधारभूत आइटी तथा एआई अवधारणाहरू समावेश गरी डिजिटल साक्षरता सुदृढ गर्नुपर्ने र शिक्षकहरूको तालिमका लागि छुट्टै बजेट विनियोजन गर्नुपर्ने कुरा औंल्याइएको छ । अन्तमा, साइबर कानुन र गोपनीयता सम्बन्धी ऐनहरूलाई भविष्यका आवश्यकताहरू अनुरूप अद्यावधिक गर्न विद्युतीय कारोबार ऐनलाई संशोधन गरी सूचना प्रविधि, साइबर सुरक्षा र डेटा सुशासनलाई समेट्ने समग्र कानुनी ढाँचा लागू गर्न सिफारिस गरिएको छ । यसले सुरक्षित र भविष्य उन्मुख डिजिटल इकोसिस्टम स्थापना गर्न सहयोग पुर्‍याउनेछ ।

*-हाम्रा कुरा डटकम*

# १६ वर्ष मुनिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउँदै नर्वे



नर्वेले १६ वर्ष मुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोग गर्न नपाउने गरी कानुन ल्याउने तयारी गरेको छ । सरकारले यससम्बन्धी विधेयक संसद्मा यसै वर्षको अन्त्यसम्म पेस गर्ने जनाएको छ । नयाँ कानुन अनुसार सामाजिक सञ्जाल कम्पनीहरूलाई नै प्रयोगकर्ताको उमेर प्रमाणित गर्ने जिम्मेवारी दिइनेछ । सरकारले बालबालिकाको डिजिटल जीवन सुरक्षित बनाउन यो कदम चालेको प्रधानमन्त्री जोनास गाहर स्टोएरेले बताएका छन् । उनका अनुसार बालबालिकाको जीवन खेल, मित्रता र दैनिक गतिविधिमा केन्द्रित हुनुपर्ने भएपनि अहिले एल्गोरिदम र स्क्रिनले त्यसलाई प्रभावित गरिरहेको छ । त्यसैले बालबालिकालाई सुरक्षित बाल्यकाल सुनिश्चित गर्नु सरकारको प्राथमिकता भएको उनले बताएका छन् । विधेयक २०२६ को अन्त्यसम्म संसद्मा पास गर्ने लक्ष्य राखिएको छ । सरकारले कुन-कुन सामाजिक सञ्जाललाई प्रतिबन्धको दायरामा ल्याइनेछ भन्ने स्पष्ट गरेको छैन । बालबालिकालाई अनलाइन जोखिमबाट जोगाउने उद्देश्यले इयूका कयौं देशहरूले बालबालिकाको सामाजिक सञ्जाल प्रयोगमा निषेध गर्ने खोजिरहेका छन्। अष्ट्रेलियाले हालै १६ वर्षमुनिका बालबालिकामाझ विश्वमै पहिलो पटक यस्तै प्रतिबन्ध लागू गरेको थियो । यसमा फेसबुक, टिकटक, स्न्यपपच्याट युट्युब, एक्सजस्ता प्लेटफर्महरू समावेश छन् । *-रातोपाटी डटकम*

# आज राष्ट्रिय चिया दिवस



**पाल्पा,** वैशाख १४/ आज वैशाख १५ गते राष्ट्रिय चिया दिवस । यो चिया किसानहरु लागि महत्वपूर्ण दिन हो ।

देशमा विदेशी मुद्रा आर्जनको एक हिस्सा बन्न थालेको नेपाली चियाको विकास विस्तार र बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले यो दिवस मनाउने गरिन्छ । चिया तथा कफी विकास बोर्डले हरेक वर्ष विभिन्न कार्यक्रम गरी यो दिवस मनाउने गर्दछ । यस वर्ष ३० औं संस्करणका रुपमा यो दिवस मनाइँदै छ । विसं १९२० मा इलाम चिया बगानबाट रोपण सुरु गरिएको चिया अहिले २० हजार दुईसय १९ हेक्टर जमिनमा विस्तार तथा उत्पादन भइरहेको बोर्डले जनाएको छ ।बोर्डले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको समन्वयमा निस्टेप परियोजनामार्फत् स्थापित चिया बगानको व्यवस्थापनदेखि बजारीकरणसम्मको गुणस्तरमा पारदर्शिता कायम गरी विश्व बजारको मागअनुरूप अर्गानिक प्रमाणीकरणमा उत्पादक तथा उद्योगीलाई सहयोग गर्दै आएको जनाएको छ ।

विदेशी मुद्रा आर्जन र ग्रामीण अर्थतन्त्रको मुख्य आधार चियाको गुणस्तर, अन्तर्राष्ट्रिय बजार, व्यावसायिक तथा दिगो खेती प्रविधि, अनुसन्धान एवं विकासका थुप्रै चुनौती रहेको बोर्डले जनाएको छ । नेपाली चियाको ९० प्रतिशतभन्दा बढी निकासी भारतसँग रहेकोमा प्रत्येक वर्ष निर्यात अवरोधका कारण नेपाली चिया न्यून मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता रहेको छ । त्यस्तै चिया क्षेत्रमा आवश्यक विद्युत् तथा सिँचाइ पूर्वाधार अभाव, भन्सार नाकामा निर्यात प्रवर्द्धनका लागि आवश्यक द्रुत गतिमा नतिजा दिन सक्ने अन्तर्राष्ट्रिय मापदण्डअनुसारको प्रयोगशाला नहुनु, अति नै न्यून विनियोजित स्रोत/साधन, अन्य कृषिजन्य उद्योगसरह सहुलियत ऋणलगायतका सुविधाबाट नेपाली चिया क्षेत्र वञ्चित हुनुपरेको अवस्था रहेको बताइएको छ । तयारी चियाको विशिष्टीकृत गुणस्तरमा ध्यान दिँदै दीर्घकालीन समस्या समाधानका लागि चीन, रूस, इयु, अमेरिकालगायत मुलुकसँग जिटुजी सम्झौता गरी त्यहाँ रहेका नेपाली कूटनीतिक नियोगमार्फत् नेपाली चियाको ब्रान्ड प्रवर्द्धन गरिनुपर्ने बोर्डको भनाइ छ । बोर्डका अनुसार वार्षिक करिब चार अर्ब रुपैयाँ बराबरको चिया निर्यात हुँदै आएकोमा त्यसलाई बढाएर १० अर्ब पुऱ्याउन सकिने सम्भावना रहेको छ ।

## खेलकुद समाचार

### क्रिकेटमा सुपर ओभरमा कोलकाताले लखनउलाई हरायो



**काठमाडौं,** वैशाख १४/कोलकाता नाइट राइडर्सले आईपीएल क्रिकेटमा लखनउ सुपर जायन्ट्सलाई सुपर ओभरमा पराजित गरेको छ । खेलमा सिजनको पहिलो सुपर ओभर भएको थियो । सुपर ओभरमा लखनउले दिएको २ रनको लक्ष्य कोलकाताले १ बलमै पूरा गरेको थियो । त्यसअघि निर्धारित २० ओभरमा दुवै टोलीबाट १ सय ५५ रन बनेपछि खेल सुपर ओभरमा गएको थियो । सुपर ओभरमा लखनउका निकोलस पूरन र एडेन मार्क्रम ब्याटिङमा आएका थिए । कोलकाताका सुनिल नराइनले पहिलो बलमै पूरनलाई बोल्ड गरे भने त्यसपछि कप्तान रिषभ पन्त आएर १ रन लिएपछि मार्क्रम क्याच आउट भए । २ रनको लक्ष्य पछ्याउन आएका रिंकु सिंह र रोभमन पावेलले १ बलमै लक्ष्य पूरा गरे । रिंकुले पहिलो बलमै चौका प्रहार गरे । सुपर ओभरअघि, कोलकाताले दिएको १ सय ५६ रनको लक्ष्य पछ्याएको लखनउले २० ओभरमा ८ विकेट गुमाएर १ सय ५५ रन बनाएपछि बराबरी भएको थियो । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको कोलकाताले २० ओभरमा ७ विकेट गुमाएर १५५ रन बनाएको थियो । यो जितसँगै कोलकाता ८ खेलमा ५ अंक जोडेर पुछारबाट आठौं स्थानमा उक्लिएको छ भने लखनउ ८ खेलमा ४ अंकसहित पुछारमा झरेको छ ।

## अर्थ/कर्पोरेट समाचार

### तीन लाख नाघ्यो सुनको मूल्य



**पाल्पा,** वैशाख १४/ नेपाली बजारमा सुनको मूल्य तीन लाख नाघेको छ । सोमबार सुन-चाँदीको मूल्य बढेसँगै प्रतितोला तीन लाख पुगेको हो ।

नेपाल सुन-चाँदी व्यावसायी महासंघका अनुसार सोमबार सुन प्रतितोला १३ सय रुपैँयाले बढेको छ । यससँगै सुन प्रतितोला ३ लाख ५ सय रुपैयाँ कायम भएको छ । आइतबार सुन प्रतितोला २ लाख ९९ हजार २ सय रुपैयाँमा कारोबार भएको थियो । यस्तै सोही अवधिमा चाँदीको मूल्य पनि बढेको छ । चाँदी तोलामा ५० रुपैयाँले बढेको हो । योसँगै चाँदी प्रतितोला ५ हजार ४५ रुपैयाँ कायम भएको छ । आइतबार चाँदी ४ हजार ९ सय ९५ रुपैयाँमा कारोबार भएको थियो । केही महिनायता नेपाली बजारमा सुन र अमेरिकी डलरको मूल्य हरेक दिन उकालो लागिरहेको छ । सुन र अमेरिकी डलरको बजार मूल्य/विनिमय दरले हरेक दिन नयाँ रेकर्ड बनाइरहँदा त्यसको प्रत्यक्ष/अप्रत्यक्ष असर आम उपभोक्ताको खरिद क्षमतासँगै समग्र अर्थतन्त्रमा परेको छ । अकासिँदो सुनको मूल्यले घरेलु बजारमा हलचल ल्याएको छ । अमेरिकी डलरको तुलनामा नेपाली मुद्रा निरन्तर कमजोर बनिरहँदा आयातकर्ता मात्र होइन आम नागरिकमा पनि तरंग उब्जाइरहेको छ । सुनचाँदीको मूल्य हालसम्मकै उच्च गत माघ १५ गते भएको थियो । उक्त दिनमा सुन प्रतितोला तीन लाख ३९ हजार तीन सय र चाँदी सात हजार पाँच सय पाँच रुपैयाँमा कारोबार भएको थियो । अन्तर्राष्ट्रिय बजारमा आएको उतारचढावका कारण स्थानीय बजारमा पनि सुनको मूल्य प्रभावित भएको बजार विश्लेषकहरूको दाबी छ ।

## तम्घासमा फोहोरबाट...

...नगरले १३ लाख ८० हजारमा जमिन सम्याएपछि मात्रै फोहोर व्यवस्थापन एवं बिक्री सुरु गरिएको हो । उक्त रकममध्ये हालसम्म सात लाख भुक्तानी भएको छ भने छ लाख ८० हजार भुक्तानी हुन बाँकी छ । नगर प्रमुख खिलध्वज पन्थीले बजारलाई सरसफाइ राख्नु नगरको दायित्व भएकाले र यसलाई समितिले सहयोग गरेको बताए । उनले फोहोर बिक्रीबाट एकातर्फ समितिलाई आम्दानी भएको र अर्कोतर्फ बजार सरसफाई भएको भन्दै खुसी व्यक्त गरे । फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकाले वार्षिक समितिलाई १० लाख अनुदानस्वरुप प्रदान गर्दै आएको छ । त्यसैगरी, समितिका अध्यक्ष पन्थीले अब कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउने योजना रहेको बताए । अहिलेसम्म कुहिने फोहोरलाई ओखेनीकै छेउको खोल्सामा पुर्ने गरिएको छ । अब करिब १४ लाख लागतमा उक्त फोहोरलाई कम्पोष्ट मल बनाउने गरी काम सुरु गरिने उनको भनाइ छ । "नगरपालिकासँग समन्वय भइरहेको छ, कुहिने फोहोरको पनि व्यवस्थापन गर्दा सहर झनै सुन्दर हुन्छ", अध्यक्ष पन्थीले भने, "सुन्दर रेसुङ्गा नगर बनाउन सबैको भूमिका उत्तिकै महत्वपूर्ण हुन्छ ।" तम्घासमा २०६१ सालदेखि नगर विकास तथा वातावरण सरसफाइ समितिले फोहोर व्यवस्थापन गर्दै आएको छ ।

## काममा सुरक्षा र स्वास्थ्यको...

...यस आयोजनालाई नेपाल (मन्त्रिपरिषद्) को २०७५ सालको निर्णयानुसार व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रको रूपमा रहने गरी २०७५ साउन १ गतेदेखि स्थायी संगठन संरचना स्वीकृत भएको थियो । कामदारहरुले ढुक्क भएर काममा जाने, काम गर्ने अनि फर्कन सक्ने वातावरण होस्, कामदारको स्वास्थ्य र सुरक्षामा कुनै कमी नहोस् भन्ने उद्देश्यका साथ हरेक वर्ष यो दिवस मनाउने गरिन्छ । तर श्रमिकले अझै पनि कार्यस्थलमा सुरक्षित महसुस गर्न पाएका छैनन् । यो अत्यन्त दुखको कुरा हो । रोजगारदाताले कार्यस्थलमा कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गर्नु भनेको खर्च र घाटामात्र हो भन्ने ठान्दा श्रमिकहरु सुरक्षित हुन सकेका छैन् । यो विडम्बनाको कुरा हो । कार्यस्थल जति स्वच्छ, राम्रो र सुरक्षित हुन्छ त्यसले उत्पादकत्व क्षमता बढाउँछ भन्ने कुरा रोजगारदाताले बुझ्न आवश्यक छ । श्रमिकलाई तालिमसँगै सुरक्षा साधन उपलब्ध गराउनु रोजगारदाताको कर्तव्य हो । तर उनीहरुले त्यसो गरेका छैनन् । जसका कारण उनीहरु अझै पनि असुरक्षित हुनु परेको अवस्था छ । सुरक्षित र स्वस्थ कार्यस्थलले मात्र कामदारहरूलाई चोटपटक र रोगबाट बचाउने मात्र होइन, यसले चोटपटक र बिमारीको दर कम गर्न, कामदारहरुको अनुपस्थिती र काम नै छाडेर जाने अवस्था हटाउन, उत्पादकत्व र गुणस्तर बढाउन र कर्मचारीको मनोबल बढाउन सक्छ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१



## सम्पदा जोगाऔं, पहिचान बचाऔं।

-ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं।
-सम्पदा क्षेत्रमा फोहोर नगरौं।
-पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुऱ्याऔं।
-स्थानीय संस्कृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं।
-सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं।
-पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं।
-अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं।
-पुराना सम्पदाहरूको मर्मत सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं।
सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई